नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

**मिति: २०७८।०२।२०**

कञ्चनपुर जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण पछिल्ला दिनहरुमा उच्चदरमा फैलिदै गईरहेको सन्दर्भमा सोको रोकथामं, नियन्त्रण, निदान र उपचारको लागि जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०२।२० गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०२।२२ गते राती १२:०० बजे देखि मिति २०७८।०२।३१ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. औषधि उपचार र यस आदेशमा उल्लेख भए बमोजिमका अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिडडुल गर्न नपाइने।

२. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनोरञ्जनस्थल, सैलून, व्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने।

३. स्वास्थ्य सेवा, दुध डेरी, पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक पसल व्यवसाय बाहेकका अन्य पसल व्यवसाय सञ्चालन गर्न नपाइने।

४. तरकारी तथा फलफूलको हकमा सम्बन्धित स्थानीय तह र उद्योग वाणिज्य संघको समन्वयमा स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गरी हरेक आइतबार र बुधवार बिहान ६:०० बजे देखि ९:०० बजे सम्म घुम्ती पसल सञ्चालन गर्न सकिने।

५. खाद्य वस्तुका पसल/व्यवसाय हरेक आइतबार र बुधवार बिहान ६:०० बजे देखि ९:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने।

६. अत्यावश्यक पसल व्यवसाय सञ्चालन गर्दा सामाजिक दुरी कायम गर्ने लगायत स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ। यस विपरित भए गरेको पाईएमा सम्बन्धित व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

७. निर्माण सामग्री तथा मालसामान ढुवानीका साधन बाहेक अन्य सबै सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाईने।

८. निर्माण सम्बन्धी आयोजना तथा व्यक्तिगत निर्माण कार्यको हकमा निर्माण सामग्री, उपकरण र कामदार निर्माणस्थलमा नै राखी निर्माण कार्य गर्न सकिने।

९. अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने। अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयले कम संख्यामा कर्मचारी तथा सवारी साधन प्रयोग गरी कार्यालयको आन्तरिक व्यवस्थापन गर्ने व्यवस्था मिलाउने। यस विपरित कर्मचारीको आवागमन एवं सवारी साधन प्रयोग नगर्ने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

१०. बैंक तथा वित्तीय संस्थाहरु हरेक आईतबार र बुधवार बिहान १०:०० बजे देखि दिउंसो १:०० बजेसम्म मास्क, स्यानिटाइजरको प्रयोग तथा सामाजिक दुरी कायम गर्ने लगायत जनस्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि सञ्चालन गर्न सकिने । राजश्व तथा सरकारी कारोबार, ATM तथा विद्युतीय सेवा बैंक तथा वित्तीय संस्थाको नियमानुसार सञ्चालन गर्न सकिने ।

११. सरकारी कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने ।

१२. संचारकर्मीको हकमा पत्रकार महासंघको सिफारिसमा यस कार्यालयबाट साविकमा उपलब्ध गराइएको पास वा सूचना तथा प्रसारण विभागबाट जारी भएको पत्रकार परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने ।

१३. विवाह तथा व्रतबन्धको हकमा बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी सम्बन्धित "क" वर्गको ईलाका प्रहरी कार्यालयबाट अनुमति तथा पास जारी गर्ने । विवाह तथा व्रतबन्धको लागि होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाईने ।

१४. अत्यावश्यक अवस्थामा नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पुरा गरी आवागमन गर्न सकिने । अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने । नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेक्समा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने ।

१५. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य बस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यबृद्धि गर्ने, म्याद सकिएका खाद्यबस्तुको रिलेबलिङ गर्ने जस्ता कानून बिपरितको कार्य गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गरिनेछ ।

१६. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुने ।

२०७८/०१/२०
राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी